# देवानगंज गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका स्वास्थ्यकर्मीहरुले नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरेवापत यातायात खर्च प्राप्त गर्ने सम्बन्धि कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०९/१७

## देवानगंज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगंज, सुनसरी

कोशी प्रदेश, नेपाल

देवानगंज गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका स्वास्थ्यकर्मीहरुले नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरेवापत यातायात खर्च प्राप्त गर्ने सम्बन्धी कार्यविधि ,२०८२

## प्रस्तावना :

गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मिहरुले नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरेवापत यातायात खर्च पाउँनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि देवानगंज गाउँपालिका, गाउँ कार्यपालिकाले मिति २०८२ ०९ १७ मा स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस कार्यविधिको नाम स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुले नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरे वापत यातायात खर्च पाउने कार्यविधि २०८२ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृति भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा :-**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

(क) "कार्यविधि" भन्नाले देवानगंज गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मिहरुले नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरे वापत यातायात खर्च पाउने कार्यविधि २०८२ रहेको छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धि संघीय सांसदले बनाएको ऐनलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले देवानगंज गाउँपालिका, गाउँ कार्यपालिका, देवानगंज ,सुनसरीलाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्छ ।

(ङ) "निजी" भन्नाले सेवाको सँग सँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्छ ।

(च) "ट्रस्ट वा लोक कल्याणकारी" भन्नाले ट्रस्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले स्वास्थ्य संस्थाहरु संचालनका लागि दफा ६ अनुसार बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा अनुगमन समितिलाई सम्झनु पर्छ

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, आयुर्वेद औषधालय ,स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई सम्झनु पर्छ ।

अध्यक्ष

परिच्छेद २

**आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धि व्यवस्था :-**

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :-**

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु तीन प्रकारको हुनेछ ।

(क) सरकारी वा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल , प्राथमिक स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकी ,आधारभूत स्वास्थ्य सेवा केन्द्र , शहरी स्वास्थ्य केन्द्र , आयुर्वेद औषधालय , प्राकृतिक चिकित्सा केन्द्र सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछ ।

(ख) निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङहोम ,पोलीक्लिनिक वा क्लिनिक,प्रयोगशाला ,फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक हुनेछन ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाको अधिनस्थ ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, घुम्ती क्लिनिक,स्वास्थ्य केन्द्र यस अन्तर्गत पर्दछन ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :-**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड सङ्घीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. गाउँपालिका स्तरीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन ,काम,कर्तव्य र अधिकार :-**

१. यस गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठने गरिनेछ । सो समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**२. समितिको ,काम,कर्तव्य र अधिकार :-**

(क) आफ्नो कार्य क्षेत्रभित्रको स्वास्थ्य कार्यक्रमको योजना तयार गर्ने ।

(ख) पालिकाभित्रको स्वास्थ्य संस्थाहरु संचालनका लागि अनुमति स्वीकृति सम्वन्धि गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) आधारभूत अस्पताल ,स्वास्थ्य चौकी ,आधारभूत स्वास्थ्य सेवा केन्द्र ,आयुर्वेद औषधालय संचालन व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(घ) स्वास्थ्य संस्थाहरुको अनुगमन तथा मुल्यांकन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुका लागि आवश्यक बजेट उपलब्ध गराई स्वास्थ्य संस्थाहरुलाई दैनिक संचालन गर्न स्रोतको परिचालन गर्ने गराउने ।

(च) स्वास्थ्य संस्थाहरुको पहुँच भन्दा वाहिर रहेका समुदायको पहिचान गरि सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने गराउने ।

(छ) समय समयमा निः शुल्क विशेषज्ञ शिविर सन्चालन गर्ने गराउने ।

(ज) तोकिए बमोजिम अन्य कामहरु गर्ने गराउने ।

६ . **स्वास्थ्य सँस्था व्यवस्थापन तथा अनुगमन समिति गठन , काम,कर्तव्य र अधिकार** :-

गाउँपालिका प्रमुख पालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको संरक्षक हुनेछ ।

१. **स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन देहाय बमोजिम गरिनेछ ।**

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित वडाको निर्वाचित महिला सदस्य मध्ये समितिले मनोनित गरेको एक जना - सदस्य

(ग) स्वास्थ्य संस्था रहेको वडाको उच्चतम विद्यालयको प्र.अ. - सदस्य

(घ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्ये समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(च) उद्योगी व्यापारी मध्ये समितिले मनोनित गरेको एक जना व्यक्ति - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव ।

२ . **स्वास्थ्य सँस्था व्यवस्थापन समितिको, काम,कर्तव्य र अधिकार :-**

(क ) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक कार्य योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख ) स्वास्थ्य व्यवस्थापन समितिको बैठक नियमित गर्ने , स्वास्थ्य संस्थामा परेका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने ।

(ग ) वार्षिक समिक्षा , सामाजिक परिक्षण जस्ता मुल्यांकनका कार्यक्रमहरु संचालन गर्ने ।

(घ ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरुको प्रभावकारी परिचालनका लागि सहजीकरण गर्ने ।

(ङ) नि: शुल्क स्वास्थ्य शिविरहरु राख्न वा संचालन गर्न सम्बन्धित निकायमा समन्वय गर्ने तथा आवश्यक व्यवस्थापन गर्ने ।

(च) संघ ,प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु तथा अभियानलाई सफल गर्न आवश्यक कार्य गर्ने ।

७. **यातायात खर्च सम्बन्धमा :-**

१. प्रत्येक महिना तोकिएको मितिमा नियमित खोप क्लिनिक तथा गाउघर क्लिनिक संचालन गर्नु पर्नेछ । नियमित खोप कार्यक्रम तथा गाउघर क्लिनिकमा प्रत्येक स्वास्थ्य संस्थाबाट २ जना स्वास्थ्य कर्मचारी (१जना पारामेडिक्स र १ जना नर्सिङ) परिचालन गरिनेछ । स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितिको निर्णय तथा सिफारिसमा ३ - ५ वटा सम्म खोप केन्द्र तथा बढीमा ३ वटा सम्म गाउँघर क्लिनिक राखी संचालन गरिनेछ । अन्तिम दिन स्वास्थ्य संस्थामा अनिवार्यरुपमा खोप केन्द्र राखिनेछ । खोप क्लिनिक संचालन गरेको हरेक महिनाको मासिक प्रगति प्रतिवेदन तोकिएको ढाचामा (अनुसूची-१) तथा गाउघर क्लिनिक संचालन गरेको हरेक महिनाको मासिक प्रगति प्रतिवेदन तोकिएको ढाचामा (अनुसूची-२) तयार गरि स्वास्थ्य संस्था प्रमुखको सिफारिसमा स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ । स्वास्थ्य शाखा प्रमुखले रुजु गरि प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश पश्चात भुक्तानीको लागि यातायात खर्च जनही प्रति खोप क्लिनिक रु.५००/- (पाँच सय मात्र) तथा जनही प्रति गाउघर क्लिनिक रु.५००/- (पाँच सय मात्र) का दरले सम्वन्धित स्वास्थ्यकर्मीको बैक खातामा यातायात खर्च जम्मा गरिनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

२. गाउँघर क्लिनिकको स्थान तथा संख्या तपसिलको परिधिमा रही तोक्नु पर्नेछ :

(क) पिछडिएको स्थान र क्षेत्रको आधारमा ।

(ख) दुरीको हिसाबले कम्तिमा १.५ कि.मि.।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बाट लागु गर्ने ।

**८. खाजा खर्च सम्बन्धमा :-**

१. नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरेबापत यातायात खर्च प्राप्त गर्ने सम्वन्धि कार्यविधि ,२०८२ अनुसार नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गरेको दिन अनुसार जनही रु.१५०/-(एक सय पचास मात्र) खाजा खर्च बापत सम्बन्धित स्वास्थ्यकर्मीको बैंक खातामा जम्मा गरिनेछ ।

**९. सट्टा विदा सम्बन्धमा :-**

१. स्थानीय सरकारी सेवा (गठन तथा संचालन ) ऐन २०८० को दफा ११६ मा सट्टा विदा सम्वन्धि भएको व्यवस्थानुसार सार्वजनिक विदाको दिन खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन भएमा खटिने कर्मचारीको लागि सट्टा विदाको व्यवस्था हुनेछ र त्यस्तो विदा एक वर्ष भित्रमा पालो मिलाई बस्नु पर्ने छ।

**१०. बजेट व्यवस्थापन सम्बन्धमा :-**

स्वास्थ्यकर्मीलाई नियमित खोप क्लिनिक तथा गाउँघर क्लिनिक सन्चालन गरेवापतको यातायात रकम उपलब्ध गराउन स्वास्थ्य शाखा तर्फको बजेटमा गाउँ सभाबाट विनियोजन गरिनेछ।

**११. बाधा अडकाउ फुकाउने अधिकार :-**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा - अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ ।

**१२. बचाउ र लागु नहुने :-**

१. यो कार्यविधि अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ तथा यस कार्यविधि निर्माण अघी यस संग सम्वन्धि भए गरेका कुराहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

**१३. संशोधन तथा खारेजी :-**

यस कार्यविधिमा उल्लेखित कुनै पनि शर्त तथा व्यहोरामा परिवर्तन गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णयबाट पारित गर्न सकिने छ र यस अघि कुनै यसै कार्यविधि सँग सम्वन्धित कार्यविधि निर्माण गरेको भएमा यो कार्यविधि पारित भएको मिति देखि खारेज भएको मानिने छ।

बेघन प्रसाद मेहता
अध्यक्ष

अनुसूची -१

खोप कार्यक्रम सम्पन्न भए पश्चात तपसिल बमोजिमको अनुसूची अनुसार प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

देवानगंज गाउँ पालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगंज,सुनसरी

कोशी प्रदेश ,नेपाल

स्वास्थ्य संस्थाको नाम :-

खोप केन्द्र रहेको स्थान :-

संचालन मिति :-

आ.व.

चेतन प्रसाद मेहता
अध्यक्ष

खोप कार्यक्रमको मासिक प्रगति प्रतिवेदन

प्रतिवेदन पेश गरेको : ............. साल ................महिना

१. खोप कार्यक्रम

| खोपको प्रकार | बि सि जी (BCG) | रोटा ( Rota ) | | पोलियो (OPV) | | | एफ.आई.पि.भी FIPV | | पी.सी.भी (PCV) | | | डी.पी.टि - हेप बि. हिब DPT,Hep-B,Hib ) | | | दादुरा - रुबेला (MR) | | जे ई JE | टाइफाइड (TCV) | १२ महिना भित्र पूर्ण खोप प्राप्त गरेका बच्चा संख्या | एच पि भी (HPV) | | टि.डी (गर्भवती महिला ) (Td ) | | | २४-३५ महिना मा खोप शुरु गरेका बच्चा | AEFI Cases (जनामा ) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | पहिलो | दोस्रो | तेस्रो | पहिलो | दोस्रो | पहिलो | दोस्रो | तेस्रो | पहिलो | दोस्रो | तेस्रो | पहिलो | दोस्रो | | | | पहिलो | दोस्रो | पहिलो | दोस्रो | दोस्रो+ | 26 | सामान्य | गम्भीर |
| 1 | | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 | | 27 | 28 |
| खोप पाउने बच्चाहरुको संख्या ( जना ) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खोप ( डोज ) - यस महिनामा प्राप्त भएको | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खोप ( डोज ) - खर्च भएको - खोप दिन खोलेको | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खोप ( डोज ) - खर्च भएको - अन्य कारणले बिग्रेको | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खोप ( डोज ) - [illegible] | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**पेश गर्ने**

नाम ,थर ;

पद :

दस्तखत :

चेतन प्रसाद मेहता
अध्यक्ष

**प्रमाणित गर्ने**

नाम ,थर ;

पद :

दस्तखत :

अनुसूची -२

गाउँघर क्लिनिक कार्यक्रम सम्पन्न भए पश्चात तपसिल बमोजिमको अनुसूची अनुसार प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

देवानगंज गाउँ पालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगंज,सुनसरी

कोशी प्रदेश ,नेपाल

बेचन प्रसाद मेहता
अध्यक्ष

संचालन मिति :-

आ.व.

स्वास्थ्य संस्थाको नाम :-

गाउँघर क्लिनिक रहेको स्थान :-

प्रतिवेदन पेश गरेको : ........... साल .................महिना

गाउँघर क्लिनिक कार्यक्रमको मासिक प्रगति प्रतिवेदन

| | | | |
|---|---|---|---|
| प्राथमिक उपचार गरेका | | | |
| तौल अनुगमन गरेका | ०-११ महिना | सामान्य | |
| | | जोखिम | |
| | | अति जोखिम | |
| | १२-२३ महिना | सामान्य | |
| | | जोखिम | |
| | | अति जोखिम | |
| गर्भ जाँच गरेका महिला | | | |
| सुत्केरी जाँच गरेका महिला | | | |
| जुकाको औषधि पाएका गर्भवती | | | |
| जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको | | | |
| ६ महिनापछी स्तनपानका साथै ठोस, अर्धठोस र नरम खाना सुरु गरेका | | | |

| | | | |
|---|---|---|---|
| आइरन चक्की वितरण | नयाँ गर्भवती | | |
| | दोहोर्याई आएका | | |
| | सुत्केरी महिला | | |
| भिटामिन ए पाएका सुत्केरी महिला | | | |
| प.नि.साधन वितरण | कन्डम | गोटा | |
| | पिल्स | जना | |
| | | साईकल | |
| | डिपो | डोज | |
| | सायना प्रेस | डोज | |
| | आकस्मिक चक्की | डोज | |
| उपचारमा नियमित नभएका बिरामीको खोज गरेको संख्या (क्षयरोग ) | | | |
| रक्त नमुना संकलन गरेको स्लाईड संख्या | | | |
| आमा समूहको बैठकमा भाग लिएको | | | |

**पेश गर्ने :**

नाम,थर :

पद :

दस्तखत :

बेचन प्रसाद मेहता
अध्यक्ष

**प्रमाणित गर्ने :**

नाम,थर :

पद :

दस्तखत :